लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
काठमाडौं

# प्रेस विज्ञप्ती - ९९
# Press Release-99

मितिः-२०७०/०५/०२ गते

**यस लागू औषध नियन्त्रण ब्यूरो तथा मातहत शाखा कार्यालयहरुबाट** २०७० साल श्रावण महिनाभरी विभिन्न मिति र स्थानबाट निम्न वमोजिम अवैध तथा नियन्त्रित लागू औषध सहित मानिसहरु पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारवाही भइरहेको छ ।

**ला.औ.नि. ब्युरो तथा मातहत शाखाहरु समेतबाट पक्राउ विवरण :-**

(१) मिति २०७०।०४।०४ गते सुर्खेत जिल्ला, आग्रीगाँउ गा.वि.स. वडा नं. ५ घर बताउने वर्ष ३३ को शिव कुमार बुढा र मोरङ्ग जिल्ला, लेटाङ्ग गा.वि.स. वडा नं. २ घर बताउने वर्ष ३० की कल्पना लिम्बुलाई अवैध लागू औषध खैरो हेरोईन २० ग्राम सहित का.जि.का.म.पा. वडा नं. २९ सामाखुशीबाट पक्राउ गरिएको छ

(२) मिति २०७०।०४।०७ गते धादिङ्ग जिल्ला, तिप्लिङ्ग गा.वि.स. वडा नं. ४ घर भई का.जि. सितापाईला वस्ने कान्छीमायाँ घले भन्ने दे रानी घलेले Canada मा Mr. MIKEL WIJNEN भन्ने व्यक्तिले पाउने गरी Currier मार्फत पठाउनका लागि बुक गरेको Wollen Shoes, Baby Wollen Shoes र Wollen hat भित्र अवैध लागू औषध लुकाएको छ कि भन्ने संकालागि सम्वन्धित व्यक्ति कान्छीमायाँ घलेलाई झिकाई यस ब्यूरोमा समेत खवर गरेकोले तत्काल प्रहरी खटीगई उल्लेखित Wollen Shoes, Baby Wollen Shoes र Wollen hat रहेको कार्टुन खोली चेकजाँच गर्दा Wollen Shoes को सोल भित्र फल्स बटम बनाई पाता आकारमा लुकाई छिपाई राखेको अवस्थामा अवैध लागू औषध चरेश ११ किलो ग्राम सहित पक्राउ गरिएको छ ।

(३) मिति २०७०।०४।१९ गते १७:४० बजेको समयमा ETIHAD AIR WAYS EY 218 को विमानद्वारा आवुदावी हुँदै इटलीतर्फ जान लागेका इटालियन नागरीक पासपोर्ट नं. YA 3536889 वाहक Mr. GIANLUIGI MARAN ले आफ्नो साथमा ल्याएको सेतो कालो रङ्गको TRAVEL CAR लेखिएको सुट्केस त्रि.अ.वि. विमानस्थलमा रहेको २ नं. स्क्रिनमा चेकजाँच गर्नेक्रममा संकालागि वाहिर निकाली निज इटालियन नागरिकलाई खोल्न लगाई खानतलासी गर्दा उक्त सुट्केसको पिंधमा फल्स बटम बनाई निलो रङ्गको टेपले ऱ्यापिङ्ग गरी लाम्चो पाता आकारको ६ वटा पाता बनाई लुकाई राखेको अवस्थामा अवैध लागू औषध चरेश ३ (तीन) किलो ग्राम सहित पक्राउ गरिएको छ ।

(४) मिति २०७०।४।२५ गते जि. सुनसरी,धरान-८ वस्ने वर्ष ३० को जयशंकर राई र जि.मोरङ्ग,टाँडी-८ वस्ने वर्ष ३६ को योगेन्द्र थापालाई भारतको जोगवनीबाट नेपाल तर्फ आएको को.१२ प.१४५३ नं.को मो.सा.लाई बिराटनगर भन्सार १ नं. ढाटमा निजहरुले प्रयोग गरेको उक्त मो.सा.र झोला भित्र लुकाई छिपाई राखेको भुजियाको प्याकेट र चिनी भित्र लुकाई छिपाई राखेको अवस्थामा लागू औषध नाईट्रोसन ट्याब्लेट-२०० थान, स्पास्मो प्रोक्सीभन क्याप्सुल १००० थान सहित पक्राउ गरिएको ।

(५) मिति २०७०।०४।२७ गते बाँके जिल्ला, नेपालगञ्ज नगरपालीका वडा नं. १ धम्बोजी घर बताउने वर्ष १८ को सन्दिप थापालाई अवैध लागू औषध खैरो हेरोईन २७ ग्राम सहित का.जि.का.म.पा. वडा नं. २९ नयाँ बसपार्कबाट पक्राउ गरिएको छ ।
साथै निज संन्दिप थापालाई उक्त लागू औषध बिक्रि बितरण गर्ने भनिएका नेपालगंज १३ वस्ने वर्ष २६ को मणी चन्दबाट १० ग्राम खैरो हेरोईन र पिप्रहवा १ वाँके वस्ने वर्ष २२को राजेन्द्र सिंह सरदार बाट १२ ग्राम खैरो हेरोईन सहित मिति २०७०।४।२८ गते पक्राउ गरी जि.प्र.का. वाँके बाट अनुसन्धान तथा आवश्यक कारवाही भैरहेको ।

फोनः ४७८१७०८/४७८०१८७ फ्याक्सः ४७८१५७८
ईमेल : ncbnepal@gmail.com

## ला.औ.नि. ब्यूरो., शाखा कार्यालय भैरहवाबाट पक्राउ :-

(१) मिति २०७०।४।२० गते जि. रुपन्देही सि.न.पा.१ वस्ने वर्ष २४ को सागर बासकोटी, ऐ.ऐ.वस्ने वर्ष १७ को सम्पदा हरिजनलाई ला.औ.खैरो हेरोईन २२० मि.ग्रा.सहित पक्राउ गरिएको ।

(२) मिति २०७०।४।२२ गते जि. रुपन्देही शंखरनगर वडा नं. ३ वस्ने वर्ष २१ को राहुल भट्टराई, जि.काठमाण्डौ कपन वडा नं.१ वस्ने वर्ष २२ को आकाश श्रेष्ठ र ऐ.ऐ.वस्ने वर्ष ३० को संजय लामालाई ला.औ.खैरो हेरोईन ३ ग्राम २८० मि.ग्रा.सहित पक्राउ गरिएको ।

(३) मिति २०७०।४।२३ गते जि. नवलपरासी नारायणी २ वस्ने वर्ष २९ को राम वहादुर श्रेष्ठ र ऐ.ऐ.वस्ने वर्ष २४ को मुक्ती प्रसाद महत्तोलाई ला.औ.खैरो हेरोईन २ ग्राम ५३० मि.ग्रा.सहित पक्राउ गरिएको ।

(४) मिति २०७०।४।२८ गते जि. महाराजगंज ग्राम सुक्रउली सुनौली भारत वस्ने वर्ष ४० को साफिक रजा र जि.नवलपरासी गैडाकोट-२ वस्ने वर्ष २९ को दिपु परियारलाई ला.औ.डाईजेपाम ३५ थान,फेनारगन ३५ थान, लुपिजेसिक ३५ थान सहित जि.रुपन्देही सि.न.पा.३ दरखासवाबाट पक्राउ गरिएको ।

## ला.औ.नि. ब्यूरो., शाखा कार्यालय नेपालगंजबाट पक्राउ :-

(१) मिति २०७०।४।२८ गते जि. बाँके पिप्रहवा गा.वि.स.२ घर वताउने वर्ष २५ हरि चन्द सिंह सरदार र जि.वाँके नेपालगंज नगरपालीका-१३ घर वताउने वर्ष १६ को मणि चन्द ठकुरीलाई लागू औषध खैरो हेरोईन २२ ग्राम र भे.४ प.४१८३ नं.को मोटर साईकल सहित जि.वाँके नेपालगंज न.पा.२ पुस्पलाल चोकबाट पक्राउ गरिएकोमा नयाँ बसपार्कबाट पक्राउमा परेका नेपालगंज धम्बेजी १ वाँके घर वताउने वर्ष २४ को सन्दिप थापाको सुराकीको आधारमा पक्राउ गरिएको ।